# चन्द्रागिरि नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. : २०८१/०८२(कृषि विकास)
च.नं. : ..............

फोन नं. ०१-४३१५७६६
मिति : २०८१-१०-२०


कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्वन्धि दोस्रो पटक प्रकाशित सूचना

दोस्रो पटक प्रकाशित मिति:- २०८१/१०/२०

चन्द्रागिरि नगरपालिका, कृषि विकास शाखाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश सरकारबाट सशर्त वित्तिय हस्तान्तरित तपशिलमा उल्लेखित कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम, तपशिलमा उल्लेखित लक्षित क्षेत्रमा, वागमती प्रदेश, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको स्थानिय तहमा विनियोजित सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ वमोजिमको लागत साझेदारीमा सञ्चालन गर्नुपर्ने र २०८१-०९-२५ गते प्रथम पटक सूचना प्रकासित भएकोमा सूचनाको समय अवधि भित्र प्रर्याप्त आवेदन नपरेको हुनाले, सम्वन्धित लक्षित क्षेत्र भित्रका ईच्छुक कृषक /कृषि फर्म/कृषक समुह/सहकारी/समितिहरुले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८१/११/०४ गते भित्र नगरपालिकाको कृषि विकास शाखामा तपशिलमा उल्लेखित आवश्यक कागजात सहित निवेदन दर्ता गराउनुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटको लागि समावेश हुन नसक्ने तथा प्रथम पटक प्रकाशित सूचना वमोजिम प्रस्ताव दर्ता गराई सक्नु भएका आवेदकले सोहि कार्यक्रमको लागि पुन प्रस्ताव दर्ता गर्न नपर्ने व्यहोरा समेत जानकारी गराईन्छ।

आवश्यक थप जानकारी तथा अनूसूचीको लागि कृषि विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

तपशिल

| क्र. स. | कार्यक्रमको नाम | लक्ष्य | वजेट रु (लाखमा) | कार्यक्रम सञ्चालन हुने लक्षित क्षेत्र | प्रति प्रस्ताव न्युनतम मापदण्ड |
|---|---|---|---|---|---|
| १ | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम (कौशी खेती) | १ पटक | १० | नगरपालिका भरि | एउटै वडामा न्युनतम २५ घरधुरीको एउटै कलष्टर हुनेगरी सञ्चालन हुने। |
| २ | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम (पुष्प खेती) | १ पटक | ५ | वडा नं २ | न्युनतम एक रोपनी क्षेत्रफलमा सयपत्री वा कटफ्लावर खेती भएको कलष्टरमा कार्यक्रम सञ्चालन गरिने। |
| ३ | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम (बेसार खेती) | १ पटक | ५ | वडा नं ३ | न्युनतम १ रोपनी क्षेत्रफल भएको कलष्टरमा कार्यक्रम सञ्चालन गरिने। |
| ४ | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम (संरक्षित संरचनामा खेती) | १ पटक | ५ | वडा नं ३ | कम्तिमा १८० वर्ग मिटरमा खेति गरिएको हुनुपर्ने। |

दामोदर रिजाल
शाखा अधिकृत

# चन्द्रागिरि नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
थानकोट, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. : २०८१/०८२(कृषि विकास)

च.नं. : ...............

फोन नं. ०१-४३१५७६६

मिति : .....................
२०८१-१०-२०


<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>

१. कार्यक्रम कार्यन्वयनको लागि अनूसूची-२ को प्रस्ताव सहितको निवेदन।

२. सम्वन्धित निकायमा कृषि फर्म/कृषक समुह/कृषि सहकारी/समिति दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

३. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्रको प्रतिलिपि।

४. समुह/सहकारीको हकमा प्रवन्ध पत्र वा नियमावली र कार्यसमितिको निर्णयको प्रतिलिपि।

५. प्यान दर्ता प्रमाण पत्र तथा गत आर्थिक वर्षको करचुक्ता वा कर छुट भएको प्रमाणपत्रको प्रतिलिपि।

६. निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

७. कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता पत्र।

८. सम्वन्धित वडा कार्यालयको सिफारिस।

९. कार्यालयबाट माग भएका आवश्यक अन्य कागजात।

२०८१।१०।२०

..................

दामोदर रिजाल

शाखा अधिकृत